प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
ओखलढुंगा
( कार्यक्षेत्र : ओखलढुंगा र सोलुखुम्वु )

# पुन:प्रस्ताव आह्वानको सूचना

सूचना प्रकाशित मिति : २०७८/०५/३० गते
प्रस्ताव दर्ता गर्ने अन्तिम मिति : २०७८/०६/१३ गते

यस विज्ञ केन्द्रको आ.व. २०७८/०७९ को बार्षिक लक्ष्य अनुसार विभिन्न कार्यक्रमहरू कार्यान्वयनको लागि कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ (पहिलो संसोधन २०७७ समेत) मा तोकिए बमोजिमको शर्तहरू पालना गर्ने गरि **सोलुखुम्वु** जिल्लाका लागत सांझेदारी गर्न इच्छुक आवेदकहरूलाई **भिजन नेपाल साप्ताहिक पत्रिका** मार्फत मिति २०७८/०४/३१ गते प्रस्ताव आह्वानको सूचना प्रकाशन गरिएको र उक्त अवधिमा **तपसिल बमोजिमका कार्यक्रमहरू** संचालनको लागि प्रयाप्त संख्यामा आवेदन दर्ता नभएको हुंदा पुन: यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारीको लागि अनुरोध छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू छनौट कार्यमा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ । थप जानकारीको लागी यस कार्यालयको फोन नम्वर ०३७-५२०२१०/५२०५९८, सम्पर्क केन्द्र सोलुखुम्वुको फोन नं. ०३८-५२०१०३ र कार्यालयको सूचना अधिकारी श्री धिरेन राईको मोवाईल नं. ९८५२८४४०६ मा सम्पर्क गर्नुहुन वा वेवसाईट **www.molmac.p1.gov.np** र **www.dolfd.p1.gov.np** वाट कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ (पहिलो संशोधन २०७७ समेत) डाउनलोड गरि जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम :

| सि. नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | अधिकतम सांझेदारी रकम | आवेदन दस्तुर | प्रस्ताव पेश गर्न सकिने सांझेदार निकायहरु | कार्यविधि को अनुसूची |
|---|---|---|---|---|---|---|---|
| १ | वातावरण संरक्षण एवं पोषण सुधारको लागि करेसा पोखरी निर्माण | संख्या | ५ (पांच) | कुल लागतको ७५ प्रतिशत वा वढिमा २५ हजार प्रति इकाई | व्यक्तिगत १००।- संस्थागत २००।- | कृषक, कृषक समूह/ समितिहरू | अनुसूची ४ को कार्यक्रम ९३ |
| २ | निजि पाराभेट/पशु चिकित्सक लाई कृत्रिम गर्भाधान र पशु उपचारको लागि उपकरण खरिदमा सहयोग | संख्या | ५ (पांच) | कुल लागतको ७५ प्रतिशत वा वढिमा १ लाख ५० हजार प्रति इकाई | व्यक्तिगत १००।- संस्थागत २००। | कृषि सहकारी संस्था, उद्योग वाणिज्य संघ, स्थानिय तह, निजि फर्म, कम्पनी, पशुजन्य उद्योग | अनुसूची ४ को कार्यक्रम ८२ |

२०७८/०५/३०
मोहन बहादुर गुरुङ्ग
प.चि. अधिकृत आठौं तह
नि. कार्यालय प्रमुख

प्रस्तावका साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरू :

१. रू. १० को हुलाक टिकट टांस गरिएको ढांचा वमोजिमको आवेदन पत्र ।
२. नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी ।
३. आधिकारिक निकायमा फार्म दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी ।
४. अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।
५. भ्याट/पान नम्बरको प्रतिलिपी ।
६. समूह/सहकारी संस्था सचालक समितिको निर्णय प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीहरूको नागरिकताको प्रतिलिपी ।
७. जग्गा भांडामा लएको भए मालपोत तिरेको रसिद सहित कम्तिमा १० वर्ष करार सम्झौता गरेको कागजात ।
८. एकाघर परिवारको सदस्यको नाममा जग्गा भए मालपोत तिरेको रसिद सहित मन्जुरीनामा पत्र र मन्जुरीनामा दिने र लिनेको नागरिकताको प्रतिलिपी।
९. स्थानिय तह पशु सेवा शाखाको सफारिस पत्र ।
१०. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।
११. विगत ३ वर्षसम्म समान प्रकृतिको अनुदान कतैवाट नलिएको स्वघोषणा पत्र ।
१२. कार्यक्रम संचालनको लागी तोकिएको ढांचा बमोजिमको प्रस्तावित कार्य योजना ।
१३. लागत सांझेदारीमा कार्यक्रम संचालन गर्ने प्रतिवद्धता पत्र
१४. पशुपंक्षी विमाको कागजातहरू
१५. आवेदन दस्तुर: राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००१००२०००१००००
कार्यालयको कोड नं. ३१२०२१००११ कार्यालयको नाम : भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ओखलढुंगाको नाममा राजश्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्ने ।

पुनश्च : अनुदान सगं सम्वन्धित तोकिएको ढांचा अनुसारको फर्मेटहरू सम्वन्धित कार्यालयवाट उपलब्ध हुनेछ ।

२०८०/०५/३०

मोहन बहादुर गुरुङ्ग
प.चि. अधिकृत आठौं तह
नि. कार्यालय प्रमुख